# सोनापुर मिनरल्स् एण्ड आयल लिमिटेड
# SONAPUR MINERALS AND OIL LIMITED

रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं. ०९, बत्तीसपुतली काठमाडौं, नेपाल । फोन नं.: +९७७-१-४५७८०२८
उद्योगको ठेगाना:- तुल्सीपुर-१८, दाङ्ग, नेपाल | फोन नं.: +९७७-८२-४२३००४
Email: admin@sonacement.com, Website: www.sonacement.com

## Unaudited Statement of Financial Position
### As on Chaitra 30, 2082

*Amount in NPR*

| Particulars | As at Chaitra 30, 2082 (Provisional) | As at Chaitra 30, 2082 (Audited) |
|---|---|---|
| **Assets** | | |
| **Non - Current Assets** | | |
| Property, Plant and Equipment | 10,311,444,631 | 9,709,041,156 |
| Other Non Current Assets | 11,453,539 | 5,244,920 |
| | **10,322,898,170** | **9,714,286,076** |
| **Current Assets** | | |
| Inventories | 2,595,817,530 | 2,198,869,345 |
| Prepayments | 10,366,244 | 3,508,546 |
| Other Current Assets | 7,505,444 | 12,893,533 |
| **Financial Assets** | | |
| Loans and Advances | 348,971,393 | 389,199,511 |
| Trade Receivables | 1,081,928,861 | 989,131,799 |
| Other Financial Asset | 35,409,658 | 38,049,333 |
| Cash and Cash Equivalents | 85,782,139 | 107,378,729 |
| Investments | 8,781,860 | 8,442,392 |
| | **4,174,563,129** | **3,747,473,187** |
| **Total Assets** | **14,497,461,299** | **13,461,759,263** |
| **Liabilities** | | |
| **Non Current Liabilities** | | |
| Deferred tax liability | 436,136,926 | 258,668,948 |
| **Financial Liabilities** | | |
| Non Current Borrowings | 5,846,595,009 | 5,783,086,779 |
| Provisions - Non Current | 6,282,731,935 | 6,052,936,500 |
| **Current Liabilities** | | |
| Provisions - Current | 23,872,569 | 25,236,168 |
| **Financial Liabilities** | | |
| Current Borrowings | 533,857,244 | 763,430,991 |
| Trade Payables | 6,146,387 | 10,087,836 |
| Other Financial Liabilities | 1,468,568,256 | 821,758,021 |
| Other Current Liabilities | 117,519,419 | 73,136,468 |
| | **2,149,963,875** | **1,693,649,484** |
| **Total liabilities** | **8,432,695,810** | **7,746,585,984** |
| **Equity** | | |
| Share Capital | | |
| Ordinary Share Capital | 3,075,050,000 | 3,075,050,000 |
| Securities Premium | 1,653,302,600 | 1,653,302,600 |
| Reserve and Surplus | 1,336,412,889 | 986,820,679 |
| **Total Equity** | **6,064,765,489** | **5,715,173,279** |
| **Total Liabilities and Equity** | **14,497,461,299** | **13,461,759,263** |

## Unaudited Statement of Profit or Loss
### For the Period from Shrawan 1, 2082 till Chaitra 30, 2082

*Amount in NPR*

| Particulars | For the Period Shrawan 1, 2082 till Chaitra 30, 2082 | For the period Shrawan 1, 2081 till Chaitra 30, 2081 |
|---|---|---|
| Revenue from Operations | 3,041,781,737 | 1,764,229,549 |
| Cost of Sales | (2,162,417,425) | (1,463,878,125) |
| **Gross Profit** | **879,364,312** | **300,351,424** |
| Other Income | 2,030,435 | 416,101 |
| Selling and Distribution Expenses | (14,120,766) | (13,794,090) |
| Administrative Expenses | (91,068,313) | (87,665,451) |
| Depreciation and Amortization | (126,151,154) | (104,454,905) |
| **Operating Profit** | **650,054,514** | **94,853,079** |
| Finance costs | (363,085,253) | (264,305,584) |
| **Profit Before Tax** | **286,969,261** | **(169,452,505)** |
| **Income tax expense** | | |
| Provision for income tax | (1,870,463) | - |
| Previous years tax | | - |
| Deferred tax income/(expense) | (58,964,089) | 93,516,084 |
| **Profit for the year** | **226,134,709** | **(75,936,421)** |
| **Earnings Per Share (EPS)** | **7.35** | **(2.47)** |
| Basic EPS (Rs) | 7.35 | (2.47) |
| Diluted EPS (Rs) | 7.35 | (2.47) |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित आ.व. २०८२/०८३ को तेश्रो त्रैमासिक प्रतिवेदन)

**(क) तेश्रो त्रैमासिक सम्मको वासलात, नाफा-नोक्सान सम्बन्धि विवरण:**
यस संस्थाको तेश्रो त्रैमासिक सम्मको वासलात, नाफा-नोक्सान सम्बन्धि विवरण यसै विवरण साथ प्रकाशित गरिएको छ । यस अवधिमा यस संस्थासंग सम्बन्धित संस्थाहरु संग भएको कारोवारको विवरण देहाय बमोजिम रहेको छ ।

| क.सं. | सम्बद्ध संस्थाहरुको नाम | कारोबार रकम मु.अ.कर बाहेक | |
|---|---|---|---|
| | | खरिद | बिकी |
| १. | ए.एन. माईनिङ्ग प्रा.लि. | ६४०,७४,०५६ | २८,५६७.२३ |
| २. | आर.पी माईनिङ्ग प्रा.लि. | ७,७८,९७,४७३ | ०.०० |

**(ख) प्रमुख वित्तिय अनुपातहरु:**

| प्रतिशेयर आम्दानी | प्रतिशेयर नेटवर्थ रु. | प्रतिशेयर कुल सम्पतिको मुल्य रु. | तरलता अनुपात |
|---|---|---|---|
| **७.३५** | **१९७.२२** | **४७१.४५** | **१.९७** |

**२. व्यवस्थापकीय विश्लेषण:**

**क)** लामो समयदेखि विवादित रुपमा रहेको डेडिकेटेड तथा ट्रक लाईन सम्बन्धि विवाद पुनरावलोकन समितिबाट एकतर्फि खारेज गरि नेपाल विद्युत प्राधिकरणबाट २०८२ आश्विन १२ गते विद्युत वक्यौता रकम असुल उपर गर्ने सम्बन्धि पत्राचारले थप वित्तिय भार आइपर्ने सम्भावना रहेको छ । यस सम्बन्धमा कम्पनीले सर्वोच अदलतमा मुद्द समेत हालेको र हालसम्म कुनै निर्णय नभएको ।

**ख) आगामी अवधिको व्यावसायीक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:**
यस उद्योगले आफ्नो उत्पादनको गुणस्तरलाई कायम राखी यसको विद्यमान बजारका साथै सम्भावित बजारलाई समेत लक्षित गरी व्यवसाय विस्तार तथा बजारमा नेतृत्वदायी भुमिका निर्वाह गर्न उपलब्ध उत्पादन क्षमताको प्रयोग गर्ने तथा क्षमतावान जनशक्तीको परिचालन गर्न आवश्यक पर्ने योजना तर्जुमा तथा त्यसको कार्यान्वन गर्दै संस्थालाई अझै सुदृढ बनाउदै लैजाने कुरामा दृढ रहेको छ । यस कम्पनीले निर्यात बजारको लक्ष्य गरि आफ्नो उत्पादनको नमूना परिक्षण भारतमा गराई राखेकोले आगामी कालमा निर्यातको पर्याप्त सम्भावनाले गर्दा उत्पादन क्षमता उपयोग हुने छ ।

**ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक प्रभाव पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धि विश्लेषणात्मक विवरण:**
विगत समय देखि इन्धनको मुल्यमा भएको अत्याधिक बृद्धिको निरन्तरता, कोइलाको मूल्यमा बृद्धि, भौतिक विकाश निर्माणमा बजेट खर्च नगण्य हुनु, विद्यमान आर्थिक मन्दिको कारण घरेलु खपत न्युन हुनू, बिद्युतको अनियमित आपुर्तीको कारणले गर्दा बैकल्पिक उर्जा श्रोत महंगो हुनु आदि कारणले उत्पादन लागत बढ्न गएको तर त्यसको तुलनामा उत्पादित बस्तुको अस्वस्थ बजार प्रतिस्पर्धाको कारणले उचित बजार मुल्य पाउन नसकीरहेको परिप्रेक्षमा यसको सामना गर्न संस्थाले विद्यमान ग्राहकको संरक्षण गर्दै सम्भाबित ग्राहक तथा ग्राहक क्षेत्रको पहिचान गरी त्यस क्षेत्रमा आफ्नो बजार बिस्तार गर्ने नीति लिईएको छ ।

**३. कानुनी कारबाही सम्बन्धि विवरण (यस संस्थाले वा संस्थाको बिरुद्ध कुनै मुद्दा दायर गरेको भए सोको जानकारी):** प्रस्तुत त्रैमासमा यस संस्थाले निम्नलिखित मुद्दा दायर गरेको छ :

| मुद्दाको प्रकृति | अदालत | विवादको रकम | प्रतिवादी |
|---|---|---|---|
| १. नेपाल विद्युत प्राधिकरणबाट डेडिकेटेड तथा ट्रकं लाईनको वक्यौता दाबीको विरुद्ध । | सर्वोच्च अदालत | १.२४,२९,९९,२७ | १.क) नेपाल विद्युत प्राधिकरणको केन्द्रिय कार्यलय ।<br>ख) उर्जा मन्त्रालय ।<br>ग) प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यलय समेत । |
| २. वन विभागले खानी बिभागमा बुझाएको रोयल्टीको २५% वातावरणीय सेवा शुल्क र मुनाफाको १% थप वातावरणीय सेवा शुल्क वापत वन विभागलाई बुझाउनु भन्ने विषयमा सर्वोच अदालतमा रिट पेश भएको । | सर्वोच्च अदालत | विवादको रकम निर्धारण नगरिएको । | २. क) नेपाल सरकार वन तथा वातावरण मन्त्रालय,<br>ख) वन तथा भूसंरक्षण विभाग ।<br>ग) डिभीजन वन कार्यालय, रोल्पा<br>घ) खानी तथा भुगर्भ विभाग, लैनचौर<br>ङ) उद्योग वाणिजय तथा अपुर्ति मंत्रालय, सिंहदरबार, काठमाण्डौं । |
| ३. खरिदकर्ताहरू माथि वक्यौता असुलि दावी | जिल्ला अदालत तुलसीपुर र बाँके | २,७५,८४,१५३ | ३. क. विभिन्न १३ वटा ग्राहकहरु |

**४. संस्थाको शेयर कारोवार तथा प्रगति विश्लेषण:**
(क) यस उद्योगको तेश्रो बजारमा हुने शेयर कारोवार सर्वमान्य सिद्धान्त बमोजिम खुल्ला रुपमा हुँदै आएको छ ।
(ख) तेश्रो त्रैमासको अबधिमा उद्योगको शेयर मुल्यले बिभिन्न उतार चढावका बिच सन्तोषजनक प्रगती गरेको छ ।
(ग) तेश्रो त्रैमासको अबधिको यस उद्योगको शेयरको कायम न्युनतम, अधिकतम, अन्तिम मुल्य, कारोवार भएको दिन र शेयर संख्या यस प्रकार रहको छ ।

| अधिकतम मुल्य रु. | न्यूनतम मुल्य रु. | अन्तिम मुल्य रु. | कारोवार दिन | कारोवार शेयर संख्या |
|---|---|---|---|---|
| **५१०** | **४१४** | **४५७** | **५३** | **३१,३९२** |

**५. समस्या तथा चुनौती :**
हाल सम्म पनी ईन्धनको उच्च मुल्य कायम रहनु, उद्योगमा प्रयोग हुने कच्चा पदार्थको मुल्य उच्च हुनु, देशमा आर्थिक मन्दि कायम रहनु, सरकारले भौतिक पुर्वाधार निर्माणको लागी छुट्टाएको रकमको नगन्य खर्च गर्न उदासीन रहनु, गुणस्तरीय तथा भरपर्दो विद्युत आपुर्ति नहुनु जसले गर्दा महंगो बैकल्पिक उर्जा उपयोग गर्नु परेकोले उत्पादन लागत बढनु, निर्माण सामग्रीको समग्र मागमा कमी आउनु, उत्पादित बस्तुको बजार बिकी मुल्यमा ह्रास भएको र कर्जामा बैंक ब्याज दर उच्च रहनु, चुनढुंगा उत्खनन् सम्बन्धि अनुमती प्रकृयामा विभिन मंत्रालय र विभाग स्तरमा प्रशासनिक चुनौती आदि उद्योगको लागी मुख्य समस्याको रुपमा रहेका छन । यस्तो परिस्थितिमा पनी उद्योगले कच्चा पदार्थको लागत, ब्याज तथा अन्य खर्च कढौती गरी उत्पादनको साधनहरुको उच्चतम प्रयोग द्वारा उत्पादन लागतमा कमी ल्याई आफ्नो बजार कायम राख्न र बिस्तार गर्ने योजना कार्यान्वयन गर्न चुनौतीपुर्ण बन्दै गईरहेको छ ।

**६. संस्थागत सुशासन :**
उद्योगले संस्थागत सुशासन कायम गर्नको लागी हरेक कारोबार तथा प्रशासनिक व्यवहारमा सम्बन्धित संस्थाको नियम तथा कानुनको पालना गरिएको छ । संस्थाको आफ्नै संचालनको बिधि तथा प्रणाली भएकोले आन्तरीक नियन्त्रण कायम गरी हरेक कारोवारलाई दुरुस्त, पारदर्शी र छिटो, छरितो बनाई आवश्यक सरकारी निति नियम, निर्देशन र कानुनको पालना गरी संस्थाको संचालन गरिएको छ ।

**७. सत्य तथ्यताको सम्बन्धमा प्रबन्ध निर्देशकको उद्घोषण :**
यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरु सत्य भएको जानकारी दिन चाहन्छु । विवरण तथा यसमा भएको जानकारीहरु पुर्ण र लेखागत हिसाबले शुद्ध रहेका छन, यसको सम्पुर्ण जिम्मेवारी म ब्यक्तिगत रुपमा लिनेछु । साथै यसमा भएका तथ्यहरुलाई कुनै किसिमले प्रभाबित भएर वा कुनै गलत नियत राखि प्रस्तुत गरिएकोछैन । लगानीकर्ताहरु तथा अन्य ईच्छुक व्यक्ति तथा संस्थाहरुलाई सही तथा पुर्ण जानकारी मिलोस् भनि सम्पुर्ण विवरणहरु उल्लेख गरेका छौं ।